# आर्थिक वर्ष २०७४।०७५ को नीति, बजेट तथा कार्यक्रम

## बागमती गाउँपालिका

**फापरवारी, मकवानपुर**

**प्रदेश नं ३**

**२०७४**

# आ.व.२०७४।०७५ को वार्षिक नीति, कार्यकम तथा बजेट

उपस्थित गाउँ सभाका सदस्य ज्यूहरु,
बागमती गाउँपालिकाको आ.व.२०७४।०७५ को बार्षिक नीति कार्यक्रम तथा आय व्ययको अनुमान सार्वजनिक बागमती गाउँपालिकाको प्रथम गाउँसभामा, सर्वप्रथम म नेपाल राष्ट्रको आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै वेपत्ता एवं घाइतेहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु ।

आदरणीय सदस्यज्यूहरु,
१० बर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, विभिन्न समयमा भएको आन्दोलनहरुको प्रमुख लक्ष्य देश विकासको प्रमुख वाधक २३८ वर्ष पुरानो सामन्ती राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संघीयता, धर्मनिरपेक्षता, राज्यको पुर्नसंरचना, समानुपातिक समावेशी राष्ट्र निर्माण गरी देशलाई समृद्ध, समुन्नत नयाँ नेपाल निर्माणको प्रत्याभुती नेपाली जनतालाई दिलाउनु थियो । त्यसै अनुरुपका कार्यभार पुरा भई अवको कार्यभार भनेको नेपाली जनताको बलिदानबाट प्राप्त अग्रगामी संघीय लोकतान्त्रिक संविधान कार्यान्वियन गर्दै राजनितिक संक्रमण कालको अन्त्य गर्दै आर्थिक रुपले गाउँपालिकालाई बलियो बनाउँदे समग्रमा देशमा नै आर्थिकक्रान्ती ल्याई नेपाली जनतालाई परिवर्तनको अनुभुती दिलाउनु हो । १९ वर्ष देखी जनप्रतिनिधि विहीन स्थानीय निकायहरुलाई क्रमभंग गर्दै स्थानीय तहको निर्वाचन सम्पन्न भई सिंहदरवारमा केन्द्रित अधिकारलाई स्थानीय तह मार्फत तपाई हाम्रो घर दैलोमा ल्याउन सफल भैसकेको अवस्थामा यसलाई सहज र सरल तवरले कार्यान्वयनमा ल्याउनु सवैको दायित्व हो ।

बागमती गाउँपालिकाको प्राकृतिक सम्पदा जल, जमिन, जंगल, जडिबुटी, जलश्रोतलाई उचित प्रयोग गरि युवा जनशक्तिको उचित परिचालन मार्फत बागमती गाउँपालिकालाई आगमी १० वर्ष भित्रमा हरेक हिसावले सम्पन्न गाउँपालिकामा रुपान्तरण गरी विकासको प्रतिफल विभिन्न जातजाती, भाषाभाषी, धर्म, लिङ्ग र समुदायलाई न्यायोचित वितरणमा अधिकारको सुनिश्चितता गर्दै नयाँ र समृद्ध बागमती गाउँपालिका निर्माणमा सम्पूर्ण गाउँपालिकाबासी लागि पर्नु पर्ने आजको प्रमुख आवशयक्ता हो ।

आदरणीय सदस्यज्यूहरु,
स्थानीय निकायहरुमा लामो समयदेखि जनप्रतिनिधि विहिनताको अवस्था वीच स्थानीय तहमा परिणत भई गाउँपालिकाको निर्वाचन समेत भई बागमती गाउँपालिकाको स्थापना भएको वर्तमान परिवेसमा उपलब्ध सिमित श्रोत साधनहरुको अधिकतम परिचालन गरी वढ्दो शहरीकरण तथा जनताको असिमित माग सम्वोधन गर्न सिङगो गाउँपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु । यस अवधिमा नीतिगत निर्णय र विकास निर्माणको सन्दर्भमा उत्पन्न हुने कठीन चुनौतिहरु सहज रुपमा व्यवस्थापन गर्न यस गाउँपालिका क्षेत्र भित्र क्रियाशील राजनैतिक दलहरुबाट प्राप्त निरन्तर सहयोग र समन्वयकारी भूमिका महत्वपूर्ण हुँदाहुदै पनि यस गाउँपालिकाको वढ्दो चुनौति एवं संभावनालाई व्यवस्थापन गर्न यस स्थानीय तहबाट सवै सरोकारवाला पक्षहरुको सहभागिता रहने गरी कार्य अघि वढाउनु पर्ने आवश्यकता थप उजागर भएको व्यहोरा यस सम्मानित सभामा स्मरण गराउन चाहन्छु । यस गरिमामय सभामा बागमती गाउँपालिकाको तर्फबाट चालु आ.व.२०७४।०७५ को वार्षिक नीति, कार्यक्रम तथा आय व्यय अनुमान प्रस्तुत गर्न पाउँदा म अध्यक्ष लगायत सिङगो बागमती गाउँपालिका परिवारलाई गौरवान्वित महसुश भएको छ । यस अवसरमा सम्पूर्ण गाउँवासीमा गाउँपालिकाको तर्फबाट हार्दिक वधाइ तथा शुभकामना व्यक्त गर्दछु ।

आदरणीय सदस्य ज्यूहरु,
गाउँपालिकाको योजना तथा कार्यक्रमहरुलाई वडागत रुपमा विभाजन गरी ९ वडाहरुको वस्ती टोलबाट छनौट भई आएका योजनाहरुलाई प्राथमिकीकरण गरी सोही अनुसार बजेट बिनियोजन गरि आयोजना तथा कार्यक्रमहरु छनौट हुदै आयोजना तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

आदरणीय सदस्यज्यूहरु,
अव्यवस्थित गाउँलाइ व्यवस्थित गाउँको अवधारणा बमोजिम स्थानीय तहमा बिद्यमान अवसर तथा चुनौतीहरुलाई एकिकृत गरी बिकासको माध्यमबाट सम्वोधन गरी वातावरणीय तथा आवासीय दृष्टिकोणबाट स्वच्छ, उद्यमशीलता र शैक्षिक बिकासको दृष्टिकोणबाट सृजनशील र उत्पादन तथा व्यवसायको दृष्टिकोणबाट सम्बृद्ध गाउँपालिका बनाउने लक्ष्य तर्फको यात्राको उपलव्धीको रुपमा गाउँपालिका घोषणा भएको छ, भने यसले केही चुनौतीका साथै पर्याप्त

अवसरहरुको ढोका खोलिदिएको छ । यस तथ्यलाई मध्यनजर गरी बागमती गाउँपालिकाले आगामी आ.व.का लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा **"समृद्ध बागमतीको आधार कृषि र पुर्वाधार भन्ने मूल नारा"** अनुरुप स्वच्छ सफा र सुरक्षित गाउँका लागि आधारभूत तथा रणनीतिक पूर्वाधारहरुको योजनाबद्ध बिकास, त्यसको लागि आन्तरिक तथा वाह्य श्रोत परिचालन, उद्यमशिलता बिकास, महिला, वालवालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएका वर्ग जस्ता लक्षित क्षेत्रको समावेसी विकास, आर्थिक बिकासका लागि शीप तथा आयमूलक गतिविधिहरुको माध्यमबाट रोजगारी सृजना, गरीवी न्युनिकरण, सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिबृद्धि गर्ने जस्ता क्षेत्रहरुलाई प्राथमिकतामा राखिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

आदरणीय सदस्य ज्यूहरु ,
अव म अर्थिक वर्ष २०७४।०७४ को संक्षिप्त बजेट सारंश पेश गर्ने अनुमति चाहन्छु ।
आय तर्फ यस गाउपालिकाको आगामी आर्थिक वर्ष २०७४।०७५ को लागि नेपाल सरकार वित्तिय समानिकरण अनुदान तर्फ २२ करोड ८२ लाख ४७ हजार, नेपाल सरकार शसर्शत चालु अनुदान (शिक्षा, स्वास्थ्य, कृषि र पशु) तर्फको तलव भत्ता लगायत कार्यक्रम तर्फको चालु ) १० करोड ४५ लाख ७१ हजार, अनुमानित गाउँपालिकाको आन्तरिक आय तर्फ ६१ लाख ९ हाजार, गत वर्षको  बैंक तथा नगद मौज्दात ६४ लाख ३ हजार र जनसहभागीता ( नगद) २० लाख गरि कुल अनुमानित आय ३४ करोड ७३ लाख ८० हजारको अनुमान पेश गरेको छु ।

त्यस्तै व्यय तर्फ वडागत भौतिक पुर्वाधार विकास तर्फ ९ करोड ७४ लाख, प्रर्वद्धन क्षेत्र विकास तर्फ १ करोड ४२ लाख ६२ हजार, लक्षित वर्ग विकास कार्यक्रम तर्फ ३९ लाख, भवन निर्माण लगायत अन्य पुजीगत खर्च तर्फ ४ करोड ९४ लाख, गाउँपालिका स्तरिय भौतिक पुर्वाधार विकास तर्फ ३ करोड ६४ लाख ५० हजार, गाउपालिका चालु खर्च १ करोड ८२ लाख त्रिपन्न हजार, वडा समिति चालु खर्च १ करोड ६६ लाख २५ हजार, नेपाल सरकार सर्शत चालु अनुदान (शिक्षा, स्वास्थ्य, कृषि र पशु) तर्फको तलव भत्ता लगायत कार्यक्रम तर्फको चालु ) १० करोड ४५ लाख ७१ हजार  र जनसहभागीता (नगद) पुजीगत तर्फ २० लाख गरि कुल अनुमानित व्यय ३४ करोड ७३ लाख ८० हजार अनुमानित व्यय पेश गरका छु ।

**आदरणीय सदस्य ज्यूहरु,**
अव म बागमती गाउपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थसम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छूट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको बागमती गाउपालिकाको आर्थिक विद्येयक ,२०७४ पेश गर्दछु ।

**आदरणीय सदस्य ज्यूहरु,**
अव म बागमती गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ पेश गर्दछु ।

आदरणीय सदस्य ज्यूहरु,
अव म आर्थिक वर्ष २०७४।०७५ को बार्षिक बजेट, निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्रमुख निति तथा कार्यक्रहरु**

**क) आर्थिक क्षेत्रः**

१) **कृषिमा रुपान्तरण निर्वाहमुखीबाट व्यवसायीकरण** भन्ने नाराका साथ कृषि क्षेत्रलाई आधुनिकिरण गर्ने निति  लिइने छ ।
२) कृषि तथा पशुपालन क्षेत्रको नयाँ प्रविधि विकास तथा ज्ञान हस्तान्तरणको लागि कृषक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
३) आगामी आर्थिक वर्ष भित्र वडा नं ९ लाई कागती तथा कफीको पकेट क्षेत्र, वडा नं २ लाई केराको पकेट  क्षेत्र र वडा नं ३, ५ र ६ लाई बाख्रा पकेट क्षेत्रको रुपमा विकास गर्न आगामी आर्थिक वर्षबाट आवश्यक बजेटको विनियोजन सहित कार्य प्रारम्भ गरिनेछ । कफि, कागती र केराको विरुवामा बिरुवामा कम्तिमा ५० वोट विरुवा लगाउँदा ३० प्रतिशत अनुदानको व्यवस्था र बाख्रा पकेट क्षेत्र विकास कार्यक्रममा कम्तीमा १० वटा वाख्रापालन गर्ने व्यवसायीलाई ३० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।
४) पशु नश्ल सुधारको लागि प्राकृतिक तथा कृतिम गर्भधान प्रोत्साहन गर्न गाउँपालिकाको ९ वटै वडाहरुमा सो सम्वन्धि कार्यक्रम संचालन गरिनेछ ।

५) एकघर एक सुधारिएको गोठ/खोर आवश्यकतालाई आत्मासाथ गरि गोठसुधार कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरिनेछ ।

६) वर्षैभरी घाँस उपलब्धतालाई मध्यनजर राखि उन्नत घाँस संरक्षण एवम पोषण युक्त घाँस खेती कार्यक्रम संचालन गरिनेछ ।

७) प्राविधिक शिक्षालय संचालन गरी कृषि तथा पशु प्राबिधिक उत्पादन गर्ने थलोको रुपमा गाउँपालिकालाई विकास गरिनेछ ।

८) कृषि उपज संकलन केन्द्र स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै फापरवारी बजार, भोर्लेनी बजार, पाँचपाण्डव बजार, माझगाउँ बजार र राईगाउँमा संचालन भईरहेको अस्थाई हाटबजार व्यवस्थापनमा आवशयक बजेटको व्यवस्था सहित र बाहिरी बजारसंग पहुँच बढाउने निति अवलम्वन गरिनेछ ।

९) गाउँपालिकाको केही वडाहरुमा लिफ्ट सिँचाई योजना संचालन गरि नमुना प्रर्दशन गरिनेछ ।

१०) बाली बिमा कार्यक्रम बढाउन जनचेतना मुलक कार्यक्रम र सम्बन्धित कार्यलयहरुसंग सहकार्य समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

११) सिँचाई व्यवस्थापनका भौतिक पुर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।

१२) यस क्षेत्रको माटोको अवस्था जाँच गर्न माटो परिक्षण शिविर संचालन गरिनेछ ।

१३) गाउँपालिका क्षेत्र भित्र करका सम्भाव्य क्षेत्रहरुको पहिचान गरि विगत वर्षहरुमा न्युन असुल भएका करहरुलाई प्रभावकारी रुपमा संकलन गर्न विभिन्न स्थानहरुमा कर शिविर संचालन गर्ने तथा यसै वर्ष कर सम्भाव्यता अध्ययन गरिनेछ ।

१४) वडागत रुपमा असुलहुने विभिन्न करहरुलाई सफ्टवयरको माध्यमबाट संकलन गरि बिभिन्न कर तथा दस्तुरहरु संकलनको लागि केन्द्रिकृत प्रणली अपनाउने निति लिइनेछ ।

१५) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँडलाई कार्यविधि वनाई व्यवस्थित गरिनेछ ।

१६) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापनलाई कार्यविधि वनाई व्यविस्थत गरिनेछ ।

१७) कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलनलाई कार्यविधि वनाई व्यवस्थित गरिनेछ ।

१८) गाउँपालिकाको आन्तरिक श्रोत तथा नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान तर्फको श्रोत साधनको समतामूलक बाँडफाँडको लागि आगामी आर्थिक वर्ष देखि कार्यविधि वनाई व्यविस्थत गरिनेछ ।

१९) यस क्षेत्रमा संचालन भएका वित्तिय संघ संस्थालाई व्यवस्थित ढंगबाट संचालन गर्न वित्तिय संघ संस्था सवलिकरण कार्यक्रम संचालन गरि वित्तिय संघ संस्थाहरुबाट लगानी हुने ऋण तथा अनुदान रकमलाई गरिवि निवारणमा परिचालन गरिनेछ । सो संघ संस्थाहरुबाट लगानी हुने रकम बैंक तथा वित्तय संस्थाहरुलाई नेपाल राष्ट्रबैंकले तोकेको प्रतिशतमा र सहकारी संघ संस्थालाई न्यूनतम १० प्रतिशत रकम गरिवी निवारणमा लगानी गर्ने नितिलाई यसै आर्थिक वर्षबाट अनिवार्य लागू गरिनेछ ।

२०) गाउँपालिकाको सम्वृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीतिहरु तयार गर्न पर्यटनसंग सम्बन्धीत विज्ञहरुको सल्लाह र सुझव लिई पर्यटकीय क्षेत्रहरु विविधीकरण गर्न आवश्यक पर्यटकीय गुरु योजना तयार गरिनेछ ।

२१) गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुलाई यस गाउँपालिका मातहतमा ल्याउने र त्यस्ता जग्गाहरु तथा पर्यटन विकासका लागि संभावित सामुदायिक वन क्षेत्रका जग्गाहरु पर्यटन प्रवर्द्धन गर्नका लागि उपयोग गर्न कानुनी प्रक्रिया अघि बढाउने निति अवलम्वन गरिनेछ ।

२२) आगामी आर्थिक वर्ष भित्र माछा, च्याउ, टनेल खेती र वाखापालन शिर्षकमा अनुदानको व्यवस्था गरि कम्तिमा ५० जना यूवामा रोजगारी सिर्जना गरिनेछ ।

**ख) सामाजिक विकास क्षेत्र**

१) खानेपानी पाइपको माग भई आएको ठाउँमा तथा अन्य संवेदनशील ठाउँको निरीक्षण गरीसम्वन्धित वडा समितिको निर्णयको आधारमा प्रभावित क्षेत्रमा तुरुन्त पाइप वितरण तथा साना ट्ंयाकीहरुको निर्माण गरि अल्पकालिन खानेपानीको समस्या समाधान गर्न मर्मत सम्भार शिर्षकबाट बजेट खर्च गरिनेछ ।

२) गाउँपालिका क्षेत्र भित्रपर्ने प्रतिघर एक धारा निर्माण गर्ने नीति अघि सारिनेछ, केहि वडाहरुमा मिटर जडान सहितको खानेपानीको व्यवस्थापनको सुरुवात गरिनेछ, साथै गाउँपालिका क्षेत्र भित्रका सवै प्राकृतिक स्रोत साधनमा सवै वडावासीहरुले समान उपभोग गर्न पाउने व्यस्थालाई सुनिश्चत गरिनेछ ।

३) गाउँपालिकाको केन्द्रमा रहेको स्वास्थ्य संस्थालाई आगामी २ वर्ष भित्र १५ शैयाको अस्पतालमा स्तर वृद्धि गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

४) गाउँपालिका क्षेत्र भित्र रहेका गाउँघर क्लिनीकसंचालनमा सरकारी तथा गैर सरकारी संघ संस्थाको सहयोग र समन्वयमा व्यवस्थापनलाई सहज वनाइनेछ ।

५) गाउँपालिका स्तरीय बागमती रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता बागमती गाउँपालिका आयोजक रहने गरी खेल संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६) गाउँपालिका भित्र रहेका खेल मैदानहरुको पहिचान गर्ने र निम्नलिखित खेल मैदानहरुलाई स्तरउन्नतीको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

क) जनतामावि खेलमैदान (मिनी स्टेडियम)

ख) गढन खेल मैदान

ग) बागमती खेलमैदान

घ) लितिचौर खेलमैदान

ङ) पाँचपाण्डव खेल मैदान

च) भोर्लेनी खेलमैदान

छ) करौजे खेल मैदान

ज) लामिटार खेलमैदान (मुख्य स्टेडियम)

झ) रातोमाटे साइटार दोभान खेलमैदान

७) गाउँपालिका क्षेत्र भित्रका वडा नं १ देखि ९ सम्मका बिभिन्न क्लबहरुलाई खेलकुद समितिमा आबद्ध गराई साधरण सदस्य दिइ गाउँपालिका स्तरिय खेलकुद विकास समिती गठन गरिनेछ ।

८) बागमती गाउँपालिकाको वार्षिक खेलकुद क्यालेण्डर बनाई क्यालेण्डर अनुसार तोकिएको खेल खेलकुद विकास समिति मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ । सोको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९) लक्षित क्षेत्रमा विनियोजित बजेट परिचालनको लागि गाउँपालिका स्तरिय लक्षित सञ्जालहरु गठन गरि सोहि संजाल मार्फत कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

१०) लक्षित वर्गमा विनियोजित बजेटबाट स्वरोजगार सृजना, आय आर्जन, क्षमता विकास र लघु उद्यम विकासमा विशेष जोड दिइनेछ ।

११) आर्थिक अवस्था कमजोर भएका दलित, माझी तथा पहरी समुदायको बालबालिका तथा विद्यार्थीलाई विद्यालय भर्ना तथा उच्च शिक्षा अध्ययनको लागि **दलित, माझी तथा पहरी वालबालिका** शैक्षिक सहयोग कोष खडा गरिनेछ ।

१२) गाउँपालिका क्षेत्र भित्र रहेको जनता उच्च माविलाई भौतिक श्रोत साधन सहित सम्पन्न गराई यस गाउँपालिकाको उच्च शिक्षाको लागि नमुना बहुमुखी कलेज वनाउने कार्यमा आवश्यक बजेट सहित विशेष पहल गरिनेछ ।

१३) आगामी आर्थिक वर्षबाट जनता उच्च मावि फापरवारीमा सूचना प्रविधिको माध्यमद्धारा पठन पाठनको लागि आवश्यक बजेट को व्यवस्था सहित कार्य प्रारम्भ गरिनेछ । आगामी २ वर्ष भित्र सवै माध्यामिक विद्यालयहरुमा सो कार्यक्रम विस्तार गरिनेछ ।

१४) हरेक वर्ष संचालन हुने SEE परिक्षामा गाउँपालिका क्षेत्र भित्रको कुनै पनि विद्यार्थीले A+ नतिजा ल्याउन सफल भएमा विद्यार्थी छात्रवृत्ति तथा उक्त विद्यालयलाई रु. ५० हजार प्रोत्साहन गर्ने निति अवलम्वन गरिनेछ ।

१५) सवै प्रकारको सामाजिक हिंसा, घरेलु हिसां तथा जातीय छुवाछुत सम्वन्धी विभेदहरुको न्यूनिकरणको लागि आवश्यक बजेट सहित कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

१६) गाउँपालिकाको सवै महिला स्वास्थ्य स्वयंम सेविकाको प्रत्यक्ष निगरानी तथा सिफारिसको आधारमा सम्वन्धित स्वास्थ्य संस्थाबाट सुत्केरी गराउने महिलाको लागि नेपाल सरकारले उपलब्ध गराउदै आएको यातायात खर्चमा गाउँपालिकाको तर्फबाट थप गरि सुत्केरी न्यानो झोला कार्यक्रम संचालन गर्न रु. १०००।-उपलब्ध गराउने निति अवलम्वन गरिनेछ ।

१७) महिला स्वास्थ्य स्वयम सेविकाको सिफारिसा तथा प्रत्यक्ष निगरानीमा स्वास्थ्य संस्थामा आई सुत्केरी गराउँदा प्रति सुत्केरी थप २००।- महिला स्वास्थ्य स्वयंम सेविकालाई प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।

१८) वडा समितिको सिफारिसको आधारमा विपन्न परिवारको मानसिक रोगी, मुटुरोगी, मधुमेह र उच्चरक्तचापको विरामीलाई नेपाल सरकारले निशुल्क उपलब्ध गराउदै आएको औषधी वहेकमा सम्वन्धित स्वास्थ्य संस्थाबाट निशुल्क औषधी उपलब्ध गराउन आवश्य बजेट विनियोजन गरिनेछ ।

**ग) भौतिक पूर्वाधार विकास निति**

१) सडक निर्माण सम्बन्धमा गाउँपालिकाले यसै आर्थिक वर्ष भित्र गाउँ सडक गुरुयोजनाले तयार गरी कार्यान्वयमा ल्याइने छ । गाउँ सडक गूरुयोजना अन्तरगतका सडकहरुको मापदण्ड A श्रेणी को सडक १४ मिटिर, B श्रेणीको सडक १० मिटर C श्रेणीको सडक ६ मिटर चौडाई कायम गर्ने र भित्री तथा साविक पुरानो वस्ती भएको र ५० मिटर भन्दा कम लम्वाई भएको सडकहरुको हकमा न्यूनतम ४ मिटर चौडाई कायम गर्ने नितिलाई यसै आर्थिक वर्षबाट सडक निर्माण गर्दा कार्यान्वयनमा ल्याइनेछ ।

२) मर्मत गर्नुपर्ने साना तथा कम लागनीको सडकहरुका लागि गाउँपालिकाले मर्मत गर्न मर्मत संभार कोष खडा गर्ने गरिनेछ ।

३) शिक्षा क्षेत्रको भौतिक पुर्वाधार निर्माण अर्न्तगत प्राथमिकताक्रम निर्धारण भई वडाबाट आएका योजनाहरुलाई शिक्षा मन्त्रालय तथा पुर्ननिर्माण प्राधिकरण तथा अन्य सरकारी तथा गैर सरकारी निकाय माफर्त निर्माण गर्न सिफारिस गरिनेछ ।

४) गाउँपालिकाले बजेट विनियोजन गरी रहेको, ऋमागत र अधुरो रहेका भवनलाई प्राथमिकता हेरी पूरा गर्दै जाने निति अवलम्वन गरिनेछ । साथै यसै आर्थिक वर्षबाट साना र मसिना योजना छनौटलाई निरुत्साहित गर्दै ९ वटै वडाहरुमा न्यूनतम ५० लाख भन्दा माथिका योजना छनौट र कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

५) वडाबाट सिफारिस भई आएका र यस आर्थिक वर्ष $P_2$ मा परेका योजना तथा आयोजनाहरुका लागि प्राथमिकता अनुसार आगामी वर्ष बजेट विनियोजन गर्दै जाने निति अवलम्वन गरिनिछ । साथै गाउँपालिकाको बजेट तथा श्रोत साधनबाट संचालन गर्न सम्भाव नभएका ठुला योजना तथा आयोजनाहरुको हकमा केन्द्र तथा प्रदेशमा सिफारिस गरिनेछ ।

६) वडा नं ९ को वेतिनी स्थित लितिचौर र वडा नं २ भालुडाँडा पिकनिक स्पोर्टलाई पर्यटकिय स्थलको रुपमा विकास गर्न यसै आर्थिक वर्षबाट बजेट विनियोजन सहित कार्य प्रारम्भ गरिनेछ । साथै गाउँपालिकाको उपयुक्त पर्यटकीय क्षेत्रहरुको पहिचान सहित पर्यटन पुर्वधार विकासका निमित्त पर्यटन गूरुयोजना तयार गरिनेछ ।

७) पर्यटकीय आकर्षण तथा सहिदहरुको सम्मान स्वरुप गाउँपालिका केन्द्र वरीपरी उपयुक्त स्थलको खोजी गरि सहिद स्मृति पार्क निर्माणको लागि यसै आर्थिक वर्षबाट बजेट विनियोजन सहित कार्य प्रारम्भ गरनेछ ।

८) गाउँपालिकाको कुनै पनि भौतिक निर्माण तर्फ कार्य संचालन गर्नु पुर्व ५० लाख भन्दा माथिको ठुला योजनाहरुको हकमा पुर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिनुको साथै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी पछि मात्र कार्यन्वयनमाा लगिनेछ ।

९) भौतिक निर्माण तर्फ वढि लागत सहभागीता जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

१०) ६० लाख सम्मको योजना उपभोक्ता समतिमा मार्फत कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ । साथै उपभोक्ता समिति गठन तथा कार्यक्रम संचालन सम्वन्धमा छुट्टै कार्यविधि तयार गरि लागू गरिनेछ । ठेक्का मार्फत कार्यान्वयन हुने योजनाको हकमा २० लाख भन्दा माथिको योजना लाई अनिवार्य रुपमा ईविडिङ ठेक्का प्रणाली लागू गरिनेछ ।

११) वडा केन्द्र जोड्ने सडकहरुलाई बजेट विनियोजनाको लागि विशेष प्राथमिकता दिइनेछ ।

१२) आगामी १ वर्ष भित्र बागमती गाउँपालिकाको मुख्य सडकहरुमा विद्युत विस्तारको लागि गाउँपालिकाको आवश्यक बजेट सहित प्रदेश तथा केन्द्र सरकार समक्ष विशेष पहल गरिनेछ ।

१३) सम्वन्धित उपभोक्ता समिति र गाउँपालिकाको सह लगानीमा योजना संचालन लागि ४०/६० को कार्यक्रम संचालन गर्न यसै आर्थिक वर्षबाट लागत सहभागीता कोष खडा गरि कार्यान्वय गरिनेछ ।

**घ) वातावरण तथा विपत् व्यवस्थापन**

१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन, कवुलियत वन तथा निजी वनहरुको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था सहित कार्यक्रम संचालन गरिनेछ । साथै सामुदायिक वनहरुबाट हुने वनपैदावर निकासीलाई व्यवस्थापन गर्न कार्यविधि वनाई कार्यान्वयमा ल्याइनेछ ।

२) जिल्लाकै दोस्रो खुल्ला चरिचरण मुक्त साविकको फापरवारी गाविसलाई हाल बागमती गाउँपालिकाको सवै वडाहरुमा विस्तार तथा कायम गर्न विशेष कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

३) सडक निर्माण तथा अन्य योजना संचालनमा १ रुख मासिएमा ५ वटा रुख अनिवार्य रोप्नु पर्ने नितिलाई कडाइका साथ लागू गरिनेछ ।

४) घर नक्सा पास गर्दा आनिवार्यरुपमा आफ्नो घरको अगाडी १ रुख रोप्नु पर्ने व्यवस्थालाई कडाई गरिनेछ ।

५) बागमती गाउँपालिकाको केही क्षेत्रहरु चट्याङको अति सम्वेदनशिल तथा प्रभावावित क्षेत्र भएको हुँदा सो क्षेत्रहरुको पहिचान सहित जनचेतना मुलक कार्यक्रम तथा चट्याङ प्रभाव कम गर्न आर्थिङको लागि साझेदार निकायको खोजी गरिनेछ ।

६) फोहोरमैला व्यवस्थापनको लागि गाउँपालिकाले उपयुक्त ल्याण्ड फिल्ड साइटको व्यस्थापनको लागि जग्गाको खोजी गरिनुका साथै अल्पकालिन फोहोर व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
७) भू-संरक्षण तथा जलाधार संरक्षणको लागि गाउँपालिकाको बजेट सहित लागिसाझेदार निकायको खोजी गरिनेछ ।
८) दैवि प्रकोप पिडितहरुको राहतको लागि आगामी आर्थिक वर्ष देखि प्राकृतिक विपत्ति राहत कोष खडा गरिनेछ ।
१०) आगामी आर्थिक वर्षबाट स्थानीय तह प्रकोप न्यूनिकरण कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
११) उच्च स्तरमा रहेका ताल, पोखरी, तथा पानीको मुहानहरु संरक्षणको लागि वृक्षारोपण तथा जलाधार संरक्षण कार्यको लागि साझेदार निकायहरुको खोजी गरि कार्यान्वियन गरिनेछ ।
१२) गाउँपालिकाको ठुला योजनाहरु संचालन तथा प्रकृतिक श्रोत साधन उत्खनन् तथा निकासी गर्दा वातवरणीय प्रभाव मूल्यांकन (EIA तथा IEE) परिक्षणलाई अनिवार्य गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह तथा शुसासन निति**

१) गाउँपालिका अन्तर्गत संचानन हुने योजनाको उपभोक्ता समिति गठन गर्दा समितिमा संख्यात्मक भन्दा पनि दक्ष र अनुभवी र पिछडिएको व्यक्तीहरुलाई चयन गर्ने नितिलाई अवलम्वन गरिनेछ । साथै बागमती गाउँपालिकाको पदाधिकारी आचारसंहिताले तोकेको व्यक्ति उपभोक्ता समितिमा वस्न नपाउने निति अवलम्वन गरिनेछ ।
२) गाउँपालिका क्षेत्र भित्र संचालित योजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समितिको सचिवलाई सूचना अधिकारी तोकि रु. ५ लाख भन्दा माथिको योजनामा सुचना वोर्ड अनिवार्य राख्ने कार्य गरिनुका साथै सवै योजनाहरुमा सामाजिक परिक्षण गर्ने कार्यलाई व्यवस्थित एवं अनिवार्य गरिनेछ ।
३) यस गाउँपालिकामा कार्यरत कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुका लागि समयानुकुल क्षमता विकास गर्न अध्ययन भ्रमण तथा तालिमको व्यवस्था गरिनेछ ।
४) बागमती गाउँपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न योजनाहरु संचालन गर्दा जन सहभागिता नगन्य मात्रामा हुने गरेको हुँदा चालू आर्थिक वर्ष देखि १० प्रतिशत नगदै लागत सहभागिता जम्मा गरेपछि मात्रै योजना सम्झौता गर्ने नितिलाई अनिवार्य रुपमा लागू गरिनेछ । १ लाख भन्दा माथिको योजनामा ३३ प्रतिशत पेश्कि निति अवलम्वन गरिनेछ ।
५) योजनाहरुको गुणस्तरको अनुगमन गर्न सम्वन्धित वडामा वडा अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय अनुगमन समिति गठन गरिनेछ । साथै गाउँपालिकामा अध्यक्षको संयोजकत्वमा विषयगत समितिको संयोजक र विषगत शाखाको प्रमुख सहितको अनुगमन समिति गठन गरी योजनाहरुको अन्तिम निकासा, जाँच पास र फरफारक गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य गर्ने निति अवलम्वन गरिनेछ ।
६) आय व्यायको लेखा र तत्सम्वन्धी अन्य कागजातहरुलाई अध्यावधिक गरि स्थानीय तहका लागि बजेट खर्च र प्रतिवेदनको कम्प्यूटरकृत लेखांकन प्रयोग गरि केन्द्रिय लेखा प्रणालीमा आवद्ध गराउइनेछ ।
७) गाउँपालिकाको गतिविधिहरुलाई जन समक्ष पुऱ्याउनको लागि रेडियो कार्यक्रम संचालन तथा त्रैमासिक वुलेटिन प्रकाशन गरिनेछ । साथै चौमासिक समिक्षा, वार्षिक समिक्षा, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण जस्ता कार्यक्रमलाई प्रभावकारी वनाउन आवश्यक कार्यविधि वनाई कार्यान्वयन गरिनेछ ।
८) आगामी आर्थिक वर्षबाट सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न बैङ्किङ प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
९) गाउँपालिका क्षेत्रभित्र संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा गाउँपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने र यसरी बजेट र कार्यक्रम पेश नगर्ने गैर सरकारी संस्थाहरुको कार्यक्रम संचालनमा अनुमति प्रदान नगर्ने निति अवलम्वन गरिनेछ ।
१०) आगामी आर्थिक वर्षबाट वर्षमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने निति अवलम्वन गरिनेछ ।
११) गाउँपालिकामा कार्यरत कर्मचारीहरुको उच्चमनोवल कायम गर्न कार्यसम्पादन मूल्यांकन गरि उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने निति अवलम्वन गरिनेछ ।

**धन्यवाद ।**